# बर्दघाट नगरपालिका

**नवलपरासी जिल्ला,**

**लुम्बिनी प्रदेश, नेपाल**

## स्थानीय राजपत्र

**खण्ड १ अंक: १ आषाढ, १५ गते २०८२ साल (संख्या: ०२)**

**भाग १**

नगरसभाको मिति २०८२/०३/१० मा स्वीकृत भएको देहाय वमोजिमको ऐन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ वमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

विनियोजन ऐन, २०८२

प्रस्तावनाः बर्दघाट नगरपालिकाको आर्थिक वर्ष २०८२।०८३ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप–धारा (२) बमोजिम बर्दघाट नगर सभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम बर्दघाट नगरपालिकाको विनियोजन ऐन, २०८२ रहेको छ ।

२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. आर्थिक वर्ष २०८२।०८३ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः (१) आर्थिक वर्ष २०८२।०८३ को निमित्त नगरकार्यपालिका, वडा समिति, बिषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त चालू खर्च रुद ६० करोड ३५ लाख ३७ हजार र पूँजिगत खर्च रु ३६ करोड १४ लाख ६२ हजार समेत गरी जम्मा रकम ९६ करोड ५० लाख नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. विनियोजनः (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिईएको रकम आर्थिक वर्ष २०८२।०८३ को निमित्त बर्दघाट नगरपालिकाको नगरकार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विपद व्यवस्थापनमा विनियोजित बजेट अपुग हुने भएमा शसर्त वाहेकका चालु र पूंजिगत योजना तथा कार्यक्रममा विनियोजित रकम मध्येबाट रकमान्तर गरि प्रकोप व्यवस्थापन कोषमा रकमान्तर गर्न सकिने छ । कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगरकार्यपालिकाले बचत हुने शीर्षककाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तिय व्यवस्थापतर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तिय व्यवस्था अन्तग साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालू तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्ने एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि उक्त शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगरसभाको स्वीकृति लिनु पर्नेछ

अनुसूचि-१

(दफा २ सँग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

## सञ्चित कोषबाट विनियोजित रकम

| क्र.स. | शीर्षकको नाम | चालु खर्च | पूँजिगत खर्च | **जम्मा** |
|---|---|---|---|---|
| **१** | **नगरकार्यपालिका** | | | |
| १.१ | सञ्चालन खर्च( न.पा.र वडा समेत) | १५००००००।० | ८८०००००।० | १५८८००००।० |
| १.२ | म्याद थप भएका योजनाको भूक्तानी | | १३१७०००।० | १३१७०००।० |
| १.३ | लागत साझेदारी | | ६५०००००।० | ६५०००००।० |
| १.४ | समपुरक /लागत साझेदारी | ०।० | ५००००००।० | ५००००००।० |
| १.५ | कन्टीन्जेन्सी खर्च | | २००००००।० | २००००००।० |
| १.६ | केन्द्र विषेश | ०।० | १६४०००००।० | १६४०००००।० |
| १.७ | केन्द्र समपुरक | ०।० | ३०३००००००।० | ३०३००००००।० |
| १.८ | प्रदेश समपुरक | ०।० | १२००००००।० | १२००००००।० |
| १.९ | जनताले लागत सहभागितामा जम्मा गरेको रकम | | ५००००००।० | ५००००००।० |
| १.१० | प्रदेश ससर्त | ०।० | १२००००००।० | १२००००००।० |
| १.११ | मर्मत सम्भार कोष | ०।० | ७५०००००।० | ७५०००००।० |
| १.१२ | विपद व्यवस्थापन कोष | ०।० | ४००००००।० | ४००००००।० |
| १.१३ | फोहर संकलन केन्द्र निमाण | | १००००००००।० | १००००००००।० |
| १.१४ | नमुना वडा विकास कार्यक्रम | ०।० | १००००००००।० | १००००००००।० |
| १.१५ | नगर गौरबका आयोजना | २९०३८०००।० | ४७७९२०००।० | ७६८३००००।० |
| | **क जम्मा** | १७९०३८०००।० | २३५४६२०००।० | ४१४५०००००।० |
| **२** | **वडा समिति (ख जम्मा)** | २००००००००।० | ८००००००००।० | १००००००००००।० |
| **३** | **विषयगत शाखा** | | | ०।० |
| ३.१ | **विषयगत शाखा ससर्त** | ३०६५००००००।० | १६००००००।० | ३२२५००००००।० |

| | | | | |
|---|---|---|---|---|
| **३.२** | **विषयगत शाखा निशर्त** | ९८0000000।0 | ३00000000।0 | १२८0000000।0 |
| ३.२.१ | स्वास्थ्य शाखा तलव समसेत र चिसापानी अस्पताल | ३५0000000।0 | | ३५0000000।0 |
| ३.२.२ | शिक्षा युवा तथा खेलकुद शाखा तथा बर्दघाट प्रज्ञा प्रतिष्ठन तलब समेत | ४२५000000।0 | | ४२५000000।0 |
| ३.२.३ | कृषि शाखा (सिचाइ समेत) | 0।0 | २00000000।0 | २00000000।0 |
| ३.२.४ | पशुपंक्षी शाखा | 0।0 | १00000000।0 | १00000000।0 |
| ३.२.५ | भूमि शाखा | ५0000000।0 | | ५0000000।0 |
| ३.२.६ | न्यायीक शाखा उपभोक्ता हित समेत | ५0000000।0 | | ५0000000।0 |
| ३.२.७ | सहकारी तथा पन्जीकरण शाखा | २0000000।0 | | २0000000।0 |
| ३.२.८ | वालमैत्री कार्यक्रम | ३५000000।0 | | ३५000000।0 |
| ३.२.९ | महिला बालबालिका शाखा | ५0000000।0 | | ५0000000।0 |
| **५** | **कूल जम्मा** | ६0३५३८000.0 | ३६१४६२000.0 | ९६५000000.0 |
| | सामाजिक सुरक्षा | ३३00000000।0 | 0।0 | ३३00000000।0 |

आज्ञाले

.............................................

मितिः २0८२/0३/१५

प्रकाश खनाल

प्रमुख प्रशासकीय अधिकृत